## आ.व. २०७५\७६ को पन्ध्रौ बैठक

आज मिति २०७६ साल ज्येष्ठ २७ गते सोमवारका दिन दिउँसो १ बजे यस पाथीभरा याङवरक गाउँपालिकाका अध्यक्ष **श्री केशरकुमार सुब्बा ज्युको** अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थीतिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरीयो ।

**उपस्थिती**

| क.स. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | केशरकुमार सुब्बा | अध्यक्ष | पा.या.गा.पा. वडा नं. २, ताप्लेजुङ | |
| २ | रत्नमाया गुरुङ | सदस्य | ऐ. वडा नं. १ | |
| ३ | बिवनराज खिम्दिङ | सदस्य | ऐ वडा नं. १ | |
| ४ | ज्ञानप्रसाद दाहाल | सदस्य | ऐ. वडा नं. २ | |
| ५ | भिमबहादुर बस्नेत | सदस्य | ऐ. वडा नं. ३ | |
| ६ | चन्द्रमान खोयाहाङ | सदस्य | ऐ. वडा नं. ४ | |
| ७ | तारामान साम्सोहाङ | सदस्य | ऐ. वडा नं. ५ | |
| ८ | दुर्गाप्रसाद थेबे | सदस्य | ऐ. वडा नं. ६ | |
| ९ | गीता राई | सदस्य | ऐ. वडा नं. १ | |
| १० | इन्द्रकुमारी बि.क. | सदस्य | ऐ. वडा नं. २ | |
| ११ | सीतादेवी बि.क. (लामगादे) | सदस्य | ऐ. वडा नं. ३ | |
| १२ | तेज बहादुर नेपाली | सदस्य | ऐ. वडा नं. ४ | |
| १३ | जसमाया माङयुङ | सदस्य | ऐ. वडा नं. २ | |
| १४ | कमला भण्डारी (थेबे) | सदस्य | ऐ. वडा नं. ६ | |
| १५ | रमेश राई | सदस्य-सचिव | हतुवागडी-८, भोजपुर | |

**अन्य उपस्थिति**

१. गंगामाया थेबे सदस्य (वडा) वडा नं. १, गंगामाया

**प्रस्तावहरू**

१. राजश्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धरण समितिको प्रतिवेदन पेश सम्बन्धमा।

२. वडा र विषयगत शाखाहरुलाई बजेट मार्गदर्शन र सिलिङ प्रदान तथा आयोजना छनौट सम्बन्धमा ।

३. बजेट (वर्षे) अधिवेशन आह्वान सम्बन्धमा ।

४. गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम सम्बन्धमा ।

५. विविध ।

# निर्णयहरू

**निर्णय नं. १.**

प्रस्ताव नं. १ माथी छलफल गर्दा आगमी आ.व. २०७६/७७ का लागि तयार भएको राजश्व परामर्श समितिको प्रतिवेदन समितिका तर्फबाट संयोजक श्री रनमाया गुरुङद्वारा गाउँकार्यपालिका आध्यक्ष श्री केशरकुमार सुब्बा समक्ष पेश गरीयो । त्यसै गरी आगमी आ.व.का लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन समितिका तर्फबाट समितिका सदस्य श्री सीता लामगादेद्वारा कार्यपालिका अध्यक्ष श्री केशरकुमार सुब्बा समक्ष पेश गरीनुका अतिरिक्त उक्त प्रतिवेदनहरू सर्वसम्मत ग्रहण गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २.**

प्रस्ताव नं. २ माथी छलफल गर्दा आगमी आ.व. २०७६/७७ का लागि तपसील बमोजिमको सरकार र कोष तथा आन्तरिक स्रोतबाट राजश्व अनुदान प्रासहुने अनुमान गरीन्छ ।

तालिका नं.- १

| आ.व. २०७६/७७ का लागि राजश्व तथा अनुदान (स्रोत) अनुमान) रु. हजारमा | | | |
|---|---|---|---|
| सरकार | अनुदान शीर्षक | अनुदान रकम | अनुमानको आधार |
| संघीय सरकार | वित्तिय समानीकरण | १००३०० | संघीय अर्थ मन्त्रालयको मिति २०७५।१२।०१ च.नं. १४ को पत्रबाट |
| | सशर्त अनुदान | १३३१०० | संघीय अर्थ मन्त्रालयको मिति २०७६।०२।२० च.नं. ८२३ को पत्रबाट |
| | समपूरक अनुदान | ० | |
| | विषेश अनुदान | ० | |
| | जम्मा | २३३४०४ | |
| प्रदेश सरकार | वित्तिय समानीकरण | ६९९७ | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७६।०१।२२, च.नं.२४२ को पत्रानुसार |
| | सशर्त अनुदान | ० | |
| | समपूरक अनुदान | ० | |
| | विषेश अनुदान | ० | |

| | | | |
|---|---|---|---|
| | जम्मा | ६९९७ | |
| आन्तरिक स्रोत | कर तथा गैरकर राजश्व अनुमान | २२६० | राजश्व परामर्श समितिको मिति २०७६।०२।२३ को प्रतिवेदन अनुसार |
| राजश्व बाँडफाँड | | | |
| संघीय विभाज्यकोष (भ्याट र अन्तशुल्क) | भ्याट र अन्तः शुल्क | ५२००० | संघीय अर्थ मन्त्रालयको मिति २०७५।१२।०१ च.नं.१४ को पत्रबाट |
| प्रदेश विभाज्य कोष (सवारी साधन कर) | सवारी साधन कर | ३२३७ | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७६।०१।२२, च.नं. २४२ को पत्रानुसार |
| स्थानीय विभाज्य कोष | ढुङ्गा गिटी बालुवा | ९०० | चालू आ.व.को संकलन दरका आधारमा |
| घर जग्गा रजिष्ट्रेशन शुल्क | मालपोत कार्यालयबाट | २०० | चा.लु. आ.व.मा प्राप्त हिस्साका आधारमा |
| प्राकितिक स्रोत | विद्युत रोयल्टि समेत | ५०० | अनुमान |
| | | ५६८३७ | |
| | **कूल जम्मा** | **२९९४९४** | |

**क) बजेट सीमा निर्धारणका आधारहरू**

१. नेपालको संविधान, आवधिक योजना, संघीय सरकारको बजेट वक्तव्य, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७५, प्रदेश बित्त व्यबस्थापन ऐन, २०७५ मा भएका व्यवस्थाहरू ।

२. संघीय अर्थमन्त्रालय, प्राक्तितिक स्रोत तथा वित्त आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयका बिभिन्न समयका पत्र निर्देशन र बजेट सीमाहरू ।

३. गत विगतको राजश्व संकलनको ट्रेन्ड, राजश्व परामर्श समितिको प्रतिवेदन, राजश्व बाँडफाडबाट प्राप्त आम्दानीको ट्रेन्ड ।

४. वडामा बजेटको सिलिङका लागि उक्त वडाको जनसंख्या (राष्ट्रिय जनगणना, २०६८ अनुसार), क्षेत्रफल (स्थानीय तह निर्धारणका क्रममा प्रकाशित राजपत्र), भारित लागत (सम्बन्धित वडामा सामान ढुवानीको लागत र भौगोलिक विकटता), मानव विकास (राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको साक्षरता, जीवन प्रत्यासा, आम्दानीलाई आधार मान्दा), आन्तरिक स्रोत संकलन तथा परिचालन (मिति २०७६।०२।२३ गते सम्मको वडाहरूले संकलन गरेको कर तथा गैरकर असूली परीमाण) र खर्च गर्ने क्षमता र आयोजनाको गुणस्तर (चालू आ.व.को वडाका आयोजनाहरू फछ्यौंट र योजनाको गुणस्तरलाई आधार मान्दा)

तालिका नं.- २

पाथिभरा याङवरक गाउँपालिकाको वडाहरूका लागि बजेट सीमा निर्धारण प्रयोजनार्थ तयार गरिएको विषय क्षेत्रगत पूर्णांक

| क्र.स. | सूत्र निर्धारणको क्षेत्र | पूर्णांक १०० भार (%) |
|---|---|---|
| १ | जनसंख्या | ४० |
| २ | क्षेत्रफल | २० |
| ३ | भारित लागत | ७.५ |
| ४ | मानव बिकास | १० |
| ५ | आन्तरिक स्रोत संकलन तथा परीचालन | १५ |
| ६ | खर्च गर्ने क्षमता र आयोजनाको गुणस्तर | ७.५ |

ख) मार्ग दर्शन

१. शिक्षा, स्वास्थ्य, क्रिषि, पशुपालन, खानेपानी, सहकारी, सिंचाई, मानव स्रोत बिकास, भु-संरक्षण, खेलकुद, प्रकोप व्यवस्थापन र स्थानीय यातायातलाई क्रमानुसार प्राथमिकतामा राखि आयोजना छनौट गर्नु पर्ने ।
२. मूलप्रावाहमा नपरेका दलित, आदिवासी जनजाती, महिला, अपाङ्ग, भूमीहिन, गरीव, लोपोन्मुख आदिलाई प्रत्यक्ष लाभ पुग्ने आयोजना छनोट गर्ने ।
३. रोजगार सिर्जना गर्ने, स्थानीय कच्चा पदार्थको सदुयोग हुने, वातावरणीय अनुकूलन हुने प्रकारको आयोजनाहरु छनौट गर्नुपर्ने ।
४. वडामा प्रदत्त सिलिङले आयोजना प्रस्ताव गर्दा गाउँपालिकाको केन्द्र जोड्ने सडकबाहेक अन्य टोल स्तरीय नयाँ ट्र्याक ओपनका कार्यलाई कम प्राथमिकता दिनु पर्नेछ ।
५. सडकको स्तरोन्नतिमा बिनियोजित बजेटमा ५०% मात्र मेशीनरी औजारको प्रयोग गर्नुपर्ने बाँकी श्रममूलक कार्य र स्थानीय कच्चा पदार्थको प्रयोगमा खर्च गर्नु पर्नेछ ।
६. बजेटबाट सीधै नगद बितरण गर्ने प्रकारका आयोजना छनौट गर्न नपाईने ।
७. बजेट प्रस्ताव गर्दा चालू प्रक्रितिको र पूँजिगत प्रक्रितिको छुट्टाछुट्टै प्रस्ताव गर्नु पर्नेछ ।
८. चालू प्रक्रितिको भए १ लाख भन्दा कम र पूजिगत प्रक्रितिको भए ३ लाख भन्दा कमलागतका आयोजनाहरू प्रस्ताव गर्न प्रोत्साहन गरीने छैन ।
९. कम्तिमा २ वटा आयोजना १० लाख रुपैया भन्दा बढि लागतको प्रस्ताव गर्नु पर्नेछ ।
१०. आयोजना स्थल तथा सोको वरपर आयोजना संचालनका क्रममा आयोजना सम्बन्धि विवाद नहने सुनिश्चितिता भएको हुनुपर्ने छ ।
११. सकभर प्राविधिक स्टिमेट भएका आयोजनाहरूलाई प्राथमिकता दिनु पर्नेछ ।
१२. आवधिक योजनामा प्रस्तावित आयोजनाहरूलाई प्राथमिकता दिई आयोजना छनौट गर्नु पर्नेछ ।
१३. सानातिना मर्मतजन्य मागहरू मार्मत संभार कोषबाट खर्च गरीने हुदा सोका लागि प्राथिकता समेत तोकी पठाउनु पर्छ ।
१४. आगमी आ.व. बाट SUTRA सफ्टबेयर अनिवार्य लागु गरीने हुँदा पुन; संशोधन गर्नु नपर्नेगरी एकीन गरी आयोजना सिफारिस गर्नु पर्नेछ ।

१५. गा.पा. स्तरिय, प्रदेश स्तरिय र संघ स्तरिय आयोजनाका लागि बढीमा ३/३ वटा आयोजनाहरू सिफारीस गर्नु पर्नेछ ।

निम्नानुसार कोष, विषयगत, वडा र गाउँपालिका स्तरीय आयोजना सिफारीशका लागि बजेटको सीमा (सिलिङ) प्रदान गर्ने निर्णय गरीयो ।

**तालिका नं.- ३**

रु. हजारमा

| क्र.स. | स्रोत | रकम | खर्च गरीने क्षेत्र | रकम |
|---|---|---|---|---|
| १ | वित्तिय समानिकरण अनुसान संघ | १००३०० | **गा.पा. बिभिन्न कोष पुर्ती** | |
| | | | क) समपूरक कोष | ४,००,०० |
| | | | ख) विपद व्यवस्थापन कोष | १५,०० |
| | | | ग) मर्मत संभार कोष | ५,०० |
| | | | घ) क्रिषि व्यवसाय प्रवर्द्दन कोष | १०,०० |
| | | | ङ) अनाथ तथा जोखिमयुक्त बालबालिका व्यवस्थापन कोष | ५,०० |
| | | | च) स्थानीय आकष्मिक कोष | ५,०० |
| | | | **विषयगत शाखा र वडाहरूलाई सीमा** | |
| | | | क) शिक्षा | ३०,०० |
| | | | ख) स्वास्थ्य | ६०,०० |
| | | | ग) क्रिषि | २०,०० |
| | | | घ) पशु | २०,०० |
| | | | ङ) सामाजिक विकास | १३,०० |
| | | | च) युवा तथा खेलकुद | १०,०० |
| | | | छ) अन्य विषयगत | १०,०० |
| | | | ज) वडाहरूका लागि सीमा | ४०००० |
| | | | **जम्मा** | **१००३००** |
| | | | | |
| २ | सशर्त अनुदान प्रदेश | १३३१०० | उर्जा | १२५० |
| | | | क्रिषि | ३५०० |
| | | | पशुपन्छि | ६४५ |
| | | | खेलकुद | १०० |
| | | | शिक्षा | ९६६२७ |
| | | | झोपु | ३५०० |
| | | | स्वास्थ्य | २५७५३ |
| | | | सडक पहुच | १२०० |
| | | | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५२५ |
| | | | **जम्मा** | **१३३१००** |

| | | | | |
|---|---|---|---|---|
| ३ | वित्तिय समानिकरण अनुदान प्रदेश | ६९९७ | गाउँपालिका स्तरीय आयोजना | १४०९४ |
| ४ | स्थानीय विभाज्य कोष (दहत्तर बहत्तर) | ९०० | | |
| ५ | आन्तरिक स्रोत (कर तथा गैर कर राजश्व) | २२६० | | |
| ६ | राजश्व बाँडफाड प्रदेश | ३२३७ | | |
| | | | | |
| ७ | अन्य आम्दानी (घरजग्गा रजिष्ट्रेशन शुल्क, प्राकितिक स्रोत उपभोग कर) | ७०० | | |
| | **जम्मा** | **१४०९४** | | **१४०९४** |
| | | | | |
| ८ | राजश्व बाँडफाड संघ | ५२००० | गा.पा. र शाखाहरूको तलब भत्ता र कार्यालय संचालन | ५२००० |
| | जम्मा | **५२०००** | जम्मा | **५२०००** |
| | **कूल जम्मा** | **२९९४९४** | **कूल जम्मा** | **२९९४९४** |

## तालिका नं.- ४

(रु ४०००० हजार)

वडाहरूलाई बजेट सिमा निर्धारण

**वडाको सिलिङ निर्धारण तालिका (रु. हजारमा)**

| **वडा न.** | **हिस्सा (सुत्रबाट)** | **न्युनत्तम अनुदान** | **सूत्रानुसारको थप अनुदान** | **जम्मा अनुदान** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | २३.३ | ५००० | २३३० | ७३३० | |
| २ | २०.४७ | ५००० | २०४७ | ७०४७ | |
| ३ | १७.४४ | ५००० | १७४४ | ६७४४ | |
| ४ | १५.०४ | ५००० | १५०४ | ६५०४ | |
| ५ | १०.२१ | ५००० | १०२१ | ६०२१ | |
| ६ | १३.५४ | ५००० | १३५४ | ६३५४ | |
| जम्मा | १००. | ३०००० | १०००० | ४०००० | |

निर्णय नं. ३.

प्रस्ताव नं. ३ माथी छलफल गर्दा आगमी आषाढ १० गते गाउँ सभाको छैठौं अधिवेशन आह्वान गर्ने निर्णय गरीयो । उक्त अधिवेशनको उद्घाटन कार्यक्रममा प्रमुख अतिथी संघीय प्रतिनीधि सभाका सांसद श्री योगेशकुमार भट्टराई र विशीष्ट अतिथी माननीय प्रदेश सांसद श्री बलबहादुर साम्सोहाङलाई अनुरोध गर्ने निर्णय गरीयो ।

निर्णय नं. ४.

प्रस्ताव नं. ४ माथी छलफल गर्दा भूमी व्यवस्था, सहकारी तथा गरीबि निवारण मन्त्रालयको मिति २०७६।०२।०९ च.नं. ९२ को पत्र व्यहोरानुसारको गरीब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमका लागि पत्रानुसारको आवश्यक कर्मचारि व्यवस्थापनका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो ।

निर्णय नं. ५.

प्रस्ताव नं. ५ माथी छलफल गर्दा निम्न वडा नं. ५ चाक्सबोटे र याङवरक गा.पा. वडा नं. ६ जोड्ने काबेलि बी. जलविद्युत पाउर हाउस छेउमा मोटरेबल पक्की पूल निर्माणका लागि माटो परीक्षण (SOIL TEST) का लागि मेशिनको प्रयोगमा र पहुँच मार्ग बनाउनमा खपत भएको पेट्रोल २०० लिटर तेलको रु. ४६२०० र सो ढुवानी ४००० समेत गरी जम्मा रु. ५०२००।- रकम चालु खर्च तर्फको ईन्धन शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।